सहायक रजिष्ट्रार

कम्पनी ऐन, २०२१ अन्तर्गत संस्थापित
जडीवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको
प्रवन्धपत्र

१. <u>कम्पनीको नामः</u> यस कम्पनीको नाम जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड हुनेछ । अंग्रेजीमा यसलाई (Jadibuti Utpadan Tatha Prasodhan Company Limited भनिने छ ।

२ <u>कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः</u> यस कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा. वडा नं.३१ कोटेश्वरमा रहनेछ । आवश्यकतानुसार स्वीकृति लिई अन्य ठाउँमा पनि शाखा कार्यालय, फार्म खोल्न वा रजिष्टर्ड कार्यालय सार्न सकिनेछ । हाल भै रहेका कम्पनीका शाखा कार्यालय, फार्महरु अन्यथा व्यवस्था नभएसम्म यथावत रहनेछन ।

३. <u>कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृतिः</u> कम्पनीको उद्देश्य उत्पादन, व्यापार तथा सेवा मूलक हुनेछ ।

४. <u>कम्पनीको उद्देश्यः</u>

१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) देशभित्र उपलव्ध जडीबुटीको सदुपयोग गर्न यिनिहरुलाई प्रशोधन गर्ने र औषधियुक्त कच्चा पदार्थ बनाउने ।

ख) देशका विभिन्न आवहवामा उपयुक्त जडीबुटी बीज विरुवा तथा मरमसलाहरु उव्जनी गर्ने र प्रशोधन समेत गर्ने ।

ग) औषधिको आवस्यकता पुरा गर्न देशका विद्यमान वनस्पतिक श्रोत परिचालन गर्ने ।

घ) साधारण प्राविधिक सीपबाट जडीबुटीको खेती र प्रशोधनका कार्यहरु स्थानीय रुपमा गराई ती वस्तुरहु यस कम्पनीले खरिद गरी दिने ।

ङ) पात, छाला, बोका, बीज, फलफूल तथा जराहरु संकलन गर्ने विधिहरु जनतालाई वोध गराउने । जडीबुटीहरुको संरक्षण, सम्वर्धन र सदुपयोगको सम्वन्धमा सम्वन्धित निकायहरु संग समन्वय राखि नेपाल सरकारले तोकेको नीति निर्देशन वमोजिम गर्ने ।

च) कोरा जडीबुटीहरु तथा उव्जनी गरिएका बीज विरुवाहरु कम्पनीले निर्धारित गरेको मूल्यमा खरिद विक्री गर्ने ।

छ) स्वदेशी तथा विदेशी वजारको कच्चा तथा तयारी उत्पादनको मागलाई क्रमिक रुपले आपूर्ती गर्दै लैजाने ।

ज) उच्च स्तरका जडीबुटीहरुको निकासी व्यापार गर्ने ।

झ) कम्पनीका उत्पादनहरुको अनुसन्धान विकास तथा वजार प्रवर्धनका लागि अन्य स्वदेशी वा विदेशी संस्थाहरु संग सम्युक्त लगानीमा कार्यहरु गर्ने ।

ञ) आफ्ना कार्यक्षेत्र भित्रका अनुसन्धानात्मक र विकास सम्वन्धि कामहरु आवस्यकता अनुसार उपयुक्त प्रकृयाद्वारा संचालन गर्ने गराउने ।

ट) परम्परागत जडिबुटीजन्य औषधी, पेय पदार्थ तथा सौन्दर्य सामाग्री उत्पादन तथा विक्री गर्ने ।

२) कम्पनीले उपदफा (१) बमोजिमको उदेश्य कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम सम्वन्धित निकायबाट अनूमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गर्ने छ ।

३) उप दफा (१) संग सम्बन्धित उद्देश्यको सम्वन्धमा अनूमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिन भित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिने छ ।

५. <u>कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:</u> यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्ने छ ।

क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद तथा विक्री वितरण गर्ने वा भाडामा लिई वा दिई प्रयोग गर्ने ।

ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने ।

ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र संचालन गर्ने ।

घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखि वा नराखी कर्जा लिने ।

ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई विक्री गर्ने ।

च) कम्पनीको उद्देश्यसंग मिल्दो जुल्दो उद्देश्य भएका स्वदेशी तथा स्वीकृति लिई विदेशी कम्पनी, फर्म तथा व्यक्तिसंग सम्झौता गर्ने वा संयुक्त भै काम गर्ने ।

छ) कम्पनीले आफ्नो सम्पत्तिको सुरक्षाका लागि वीमा गराउन सक्नेछ ।

ज) कम्पनीले उद्येश्य संग मिल्ने विषयमा परामर्श सेवाको कार्य गर्न सक्नेछ ।

झ) कम्पनीको उद्देश्य पुरा गर्न सहायक हुने अन्य कार्यहरु गर्ने ।

६. <u>कम्पनीको पुँजीको संरचना:</u> कम्पनीको पुँजीको संरचना देहाय बमोजिम हुने छ ।

क) कम्पनीको अधिकृत पुँजी रु. ५,००,००,००,०००/- (पाँच अर्व रुपैयाँ) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००/- दरका ५,००,००,००० ( पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) कम्पनीको जारी शेयर पुँजी ५०,००,००,०००/- (पचास करोड रुपैयाँ) हुनेछ । सो पुँजिलाई प्रति शेयर दर रु १००/- का दरले ५०,००,००० थान साधारण शेयर मा विभाजन गरिएको छ।

ग) कम्पनीका जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु.४०,३४,१८,०००/- (चालिस करोड चौतिस लाख अठार हजार रुपैयाँ) हुनेछ ।

घ) कम्पनीले जारी गर्ने पूँजीको १९.३१% प्रतिशत र्सवसाधारणलाई छुटयाईने छ ।

ङ) सर्वसाधारणमा विक्री तथा बाँडफाँड गरीने शेयर कम्पनी ऐन एवं प्रचलित धितोपत्र कारोवार ऐन नियम अनुसार गरी विक्री तथा बाँडफाँड गरीनेछ ।

७. कम्पनीको शेयरको किसिम: -१) कम्पनीले हाल साधारण शेयर मात्र जारी गरेको छ ।
२) आवस्यकता अनुसार प्रचलित कानूनको अधिनमा रही कम्पनीले अग्राधिकार शेयर जारी गर्न सक्नेछ । अग्राधिकार सम्वन्धि शर्तहरु साधारण सभाले निर्धारण गरे वमोजिम हुनेछ ।

८. शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा:
१) कम्पनी ऐन कम्पनीको प्रबन्ध पत्र र नियमावलीको अधिनमा रही कम्पनीको शेयर चल सम्पत्ति सरह विक्री गर्न वा धितो बन्धक राख्न सकिने छ ।
२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीको संस्थापकले कम्पनी दर्ता हुँदा लिन कवुल गरेको शेयरको माग रकम पूरा चुक्ता नगरेसम्म र कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म निजको नाममा जारी भएको शेयर विक्री गर्न पाइने छैन ।
३) हाल कायम रहेको संस्थापक शेयरको खरिद विक्री नेपाल सरकारवाट स्विकृती नलिई विक्री गर्न सकिने छैन ।

९. शेयर वापतको रकमको भुक्तानी: शेयरको रकम भुक्तानि सम्बन्धी शर्त देहाय बमोजिम हुनेछ ।
१) कम्पनीले आफ्नो आवश्यकता अनूसार संचालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पर्ण रुपले भूक्तानी माग गर्न सक्नेछ ।
२) शेयर बापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनिले बूझाउनु पर्नेछ
३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउने, भूक्तानीको म्याद थप माग गर्ने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. दायित्व सिमित हुने: यस कम्पनीको कारोवारको सम्वन्धमा शेयर धनीको दायित्व निजले खरिद गरेको शेयर वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।
तर, कुनै शेयरधनी वा संचालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन ।

११. अन्य आवश्यक कुराहरु: १) कम्पनीको सस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्नेछ
२) संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक अन्य तरिकाबाट संचालक समितिले निर्णय गरे बमोजिम शेयर खरिद गर्न पाउनेछ ।
३) संस्थापक वा अन्य कूनै व्यक्तिले कम्पनीको काममा विशेष योगदान पुर्याएमा त्यस्तो व्यक्तिलाई संचालक समितिको र्सवसम्मत निर्णय र साधारण सभाको ६७% शेयर प्रतिनिनिधत्व हुने गरी भएको निर्णयले प्रोत्साहन स्वरुप कम्पनीको चुक्ता पूँजीको ५(पाँच) प्रतिशतसंम्म निःशुल्क शेयर उपलब्ध गराउन सकिने छ ।
४) अन्य कुरा साधारण सभाले कम्पनी ऐन २०६३ तथा अन्य प्रचलित नेपाल कानूनको परिधि भित्र रही समय समयमा निर्णय गरे बमोजिम हुनेछ ।

१२. कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने - हाल सो सम्बन्धि अन्य व्यवस्था गरिएको छैन ।

१३. <u>प्रवन्धपत्र संशोधन भएमा लागु हुने व्यवस्था:</u> यस प्रवन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिने छ ।

१४. <u>प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने:</u> यस प्रवन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन, २०६३ वा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य भई बदर हुनेछ ।

१५. <u>संस्थापक सम्वन्धि विवरण:</u>

| सि.नं. | संस्थापकको नाम | शेयर विवरण | कैफियत |
|---|---|---|---|
| १ | श्री ५ को सरकार | ३११६० | प्रति शेयर रु.१००० दरले |
| २ | वन पैदावार विकास समिति | १३०२ | प्रति शेयर रु.१००० दरले |
| ३ | शाहि औषधि लिमिटेड | १३०२ | प्रति शेयर रु.१००० दरले |
| ४ | कृषी विकास बैंक | १११६ | प्रति शेयर रु.१००० दरले |
| ५ | सर्व साधारण | ३७२० | प्रति शेयर रु.१००० दरले |

<u>संचालक समितिको उद्घोषण:</u> जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको मिति २०६९/०६/२९ को साधारण सभाको निर्णय बमोजिम हाल परिवर्तित ढाँचाको यो प्रवन्ध पत्र मस्यौदा गरेको ठीक साँचो हो । यो प्रवन्धपत्रमा उल्लेखित नाम, पद, हस्ताक्षरको व्यहोरा ठिक सांचो हो । कुनै कारणले झुठ्ठा ठहरिन गएमा सिर्जना हुने दायित्व व्यहोर्न मञ्जुरी छ । यो प्रवन्धपत्रमा लेखिएका कुरा साँचो हो झुठ्ठा ठहरे कानुन बमोजि सहन बुझाउन मञ्जुर छु भनी सहि छाप गर्ने:-

............................
(संगिता यादव)
(महाप्रवन्धक)

२०६९/०४/११
सहायक रजिष्ट्रार

मस्यौदाकार
अधिवक्ता:- सेवन्तराज निरौला
प्र.प.नं. ४८१६

इति संवत २०७९ साल असोज महिना २९ गते रोज ७ शुभम् ...........................................

कम्पनी ऐन, २०२१ अन्तर्गत संस्थापित
जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको
नियमावली

परिच्छेद - १

प्रारम्भिक

१. **कम्पनीको नामः** यस कम्पनीको नाम जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड हुनेछ । अंग्रेजीमा यसलाई (Jadibuti Utpadan Tatha Prasodhan Company Limited भनिने छ ।

२ **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा. वडा नं.३१ कोटेश्वरमा रहनेछ । आवश्यकतानुसार सम्वन्धित निकायको स्वीकृति लिई अन्य ठाउँमा पनि शाखा कार्यालय, फार्म खोल्न वा रजिष्टर्ड कार्यालय सार्न सकिनेछ । हाल भै रहेका कम्पनीका शाखा कार्यालय, फार्महरु अन्यथा व्यवस्था नभएसम्म यथावत रहनेछन ।

३. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलिमा,

क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ

ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्टारको कार्यालय सम्झनु पर्छ ।

ग) "कम्पनी" भन्नाले जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड सम्झनु पर्छ ।

घ) "पदाधिकारी" भन्नाले कम्पनीको संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख, महाप्रवन्धक, प्रवन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागिय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ

ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनु पर्छ ।

च) "समिति" भन्नाले कम्पनीको संचालक समितिलाई सम्झनु पर्दछ ।

छ) "प्रवन्ध पत्र" भन्नाले कम्पनीको प्रवन्ध पत्रलाई सम्झनु पर्दछ ।

ज) "संचालक" भन्नाले संचालक समितिका सदस्यलाई सम्झनु पर्दछ र सो शब्दले अध्यक्ष समेतलाई जनाउछ ।

झ) "महाप्रवन्धक" भन्नाले कम्पनीका महा-प्रवन्धकलाई सम्झनु पर्दछ ।

ञ) "शेयरवाला" भन्नाले यो कम्पनीको शेयरमा स्वामित्व भएका संस्था वा व्यक्तिलाई सम्झनु पर्दछ।

ट) "शेयर प्रमाणपत्र" भन्नाले यो कम्पनीको शेयर धारण गर्ने व्यक्तिलाई शेयर वापत कम्पनीवाट प्रदान गरिने निस्सालाई समेत जनाउछ ।

ठ) "सम्वन्धित विभाग" भन्नाले नेपाल सरकार उद्योग विभागलाई सम्झनु पर्दछ ।

ड) "सचिव" भन्नाले कम्पनीका संचालक समितिका सचिवलाई जनाउँछ, सो शव्दले कम्पनी सचिवलाई समेत बुझाउछ ।

ढ) "शाखा कार्यालय" भन्नाले यस कम्पनीका शाखा कार्यालय र जडीबुटी फार्म समेतलाई सम्झनु पर्दछ ।

४. कम्पनीको उद्देश्यः कम्पनीको उद्देश्य प्रवन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद - २

शेयरपुँजी तथा ऋण

५. शेयरको अंकित मूल्य यस कम्पनीको शेयरको मूल्य रु.१००।- हुनेछ ।

६. शेयरमा लियन रहने कुराः- शेयर धनिहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम बापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ ।

७. विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक अधिकार तथा बन्देजहरुः (१) यस कम्पनीले संस्थापक समुह र सर्वसाधारण समुह गरी दुई समुहका शेयरहरु जारी गर्नेछ।

२) संचालक समितिमा प्रतिनिधित्व गर्ने संख्या बाहेक अन्य हक अधिकार तथा बन्देजहरु दुवै समुहका लागि समान रहने छ ।

३) कम्पनीको माग बमोजिम संस्थापक वर्गको शेयर विक्री हुन नसकेमा सोही वर्गको अर्को शेयरधनीले समान तरिकाले खरिद गर्न सक्ने छ । त्यसरी खरिद नभएको शेयरलाई सर्व साधारण शेयरमा परिणत गरी विक्री गर्न सकिने छ ।

४) संचालक समितिले अन्यथा निर्णय गरेकोमा बाहेक कम्पनीका संस्थापकहरुले लिएको शेयर अनुपातमा वृद्दि भएको शेयर बाँडफाँड हुनेछ ।

८. नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनिको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने हो सो कुरा खूलाउनेः- १) कुनै वर्गको शेयर खरिद गर्ने शेयरधनिको अधिकारमा हेरफेर वा थपघट गर्दा सम्बन्धित वर्गका कूल शेयरधनीहरुको ६७% को बहुमतले स्वीकृति प्रदान गर्नु पर्नेछ ।

२) एक वर्गको शेरयधनीको अधिकार सम्वन्धमा छलफल गर्न बसेको साधारण सभामा अर्को वर्गको शेयरधनीले मताधिकार प्रयोग गर्न पाउने छैन ।

९. अग्राधिकार शेयरः अग्राधिकार शेयर जारी भए सो सम्बन्धमा देहायका कुरा खुलाउनेः- हाल अग्राधिकार शेयर जारी गरिएको छैन । कम्पनीले आवस्यक देखेमा साधारण सभाबाट पारित गरी आवस्यक शर्त तोकी अग्राधिकार शेयर जारी गर्न सक्नेछ ।

१०. संस्थापकले लिनु पर्ने शेयरः कम्पनीको संस्थापक हुन १००० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

११.**शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्वन्धि व्यवस्था:** कम्पनीको आवश्यकतानुसार शेयर वापतको रकमको भुक्तानी माग गरिनेछ । शेयर वापतको भुक्तानी तथा शेयर जफत सम्वन्धि अन्य कुरा कम्पनी ऐन बमोजिम हुनेछ ।

१२.**शेयर विक्री वा धितो बन्धक सम्वन्धि व्यवस्था:** १) कम्पनीको शेयर चल सम्पत्ती सरह अर्को व्यक्तिलाई विक्री गर्न वा धितो बन्धक राख्न सक्नेछ ।
२) शेयर विक्री वा धितो बन्धक र दाखिल खारेज सम्वन्धि व्यवस्था ऐन बमोजिम हुनेछ ।

१३.**शेयरको प्रमाणपत्रः-** कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा अध्यक्ष, संचालक वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये कुनै दुई जनाले दस्तखत गरि शेयर प्रमाणपत्र जारी गर्नेछ।

१४.**शेयर पुँजी हेरफेर गर्ने कुराः-** साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी ऐन बमोजिम कम्पनीको शेयर पुँजि हेरफेर गर्न सकिनेछ ।

१५.**आफ्नो शेयर आफैंले खरिद गर्ने सम्वन्धि व्यवस्था:** -१) कम्पनीले आफ्नो शेयर आफै खरिद गर्ने व्यवस्था गर्दा प्रचलित कानून बमोजिम रित पुर्‍याउने छ ।

१६.**ऋण वा डिबेन्चर सम्बन्धि व्यवस्था:** (१) कम्पनीले प्रचलित कानून बमोजिम ऋण वा डिवेन्चर उठाउनेछ ।
(२) जारी पुँजी पूर्ण रुपमा चुक्ता नभएसम्म कम्पनीले डिबेन्चर उठाउन सक्नेछैन ।
(३) कम्पनीले जारी गरेको डिबेन्चर शेयरमा परिणत हुन सक्ने वा नसक्ने हो सो कुरा जारी गर्दाको सूचनामा खुलाइने छ ।
(४) उपनियम (३) बमोजिम डिबेन्चर शेयरमा परिणत गर्नु पर्दा त्यस सम्वन्धि कुनै शर्त भएमा सो कुरा समेत ऋण वा डिवेन्चर जारी गर्दाको सुचनामा खुलाइने छ ।
(५) कम्पनीको डिवेन्चर अन्य चल सम्पत्ती सरह धितो बन्धक राख्न सकिने छ ।
(६) ऋण वा डिबेन्चर सम्बन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।
(७) डिवेन्चर हस्तान्तरण र दाखिला खारेजको सम्बन्धमा ऐनमा उल्लेख भएको भन्दा थप व्यवस्था गरिने भएमा सो कूरा ऋण वा डिवेन्चर जारी गर्दाको सूचनामा खुलाइनेछ ।

१७.**शेयरधनी तथा डिबेन्चरवालाको दर्ता किताबको निरीक्षण:** शेयर धनी वा डिबेन्चरवालाले कम्पनीको शेयर वा डिबेन्चर दर्ता किताब निरिक्षण गर्न चाहेमा कम्पनीले निरिक्षण गर्न दिनु पर्नेछ । तर, कम्पनीले आफ्नो सूचना पाटीमा ३० दिन अगावै सूचना टाँस गरी एक वर्षमा ४५ दिन नवढाई १ पटकमा वढीमा ३० दिन सम्म दर्ता किताबको निरिक्षण बन्द गर्न सक्नेछ ।

## परिच्छेद ३
## साधारण सभा

१८. <u>कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्थाः</u> -१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछ।

(क) बार्षिक साधारण सभा र

(ख) विशेष साधारण सभा

२) यस कम्पनीको प्रथम बार्षिक साधारण सभा कम्पनीले कार्यालयबाट कारोबार गर्न स्वीकृत पाएको मितिले ६ महिना भित्रमा गरिने छ र यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र गरिने छ ।

३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा २१ दिन अगावै र बिशेष साधारण सभा गर्नको लागी कम्तीमा १५ दिन अगावै सभा हुने ठाँउ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइने छ ।

४) संचालक समितिको अध्यक्ष वा संचालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउने छ।

५) उपनियम (४) मा उल्लेखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले संचालक समितिको बैठक बस्न नसकेमा संचालक समितिको कूल संचालकहरु मध्ये कम्तीमा ५१ प्रतिशत संचालक उपस्थित भई सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउदा सबै शेयर धनीलाई उपनियम (३) बमोजिमको सूचना दिनु पर्नेछ । यसरी बस्ने संचालक समितिको बैंठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकहरु मध्येबाट छानिएको संचालकले संचालक समितिको बैठक वा साधारण सभाको अध्यक्षता गर्नेछ ।

६) उपनियम (३) वा (५) बमोजिम बोलाईएको साधारण सभामा नियम २३ बमोजिमको गणपुरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तीमा १५ दिनको म्याद दिई पूनः साधारण सभा बोलाइने छ । यस्तो सूचना कम्तीमा ७ दिन अघि कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीत पुर्वक सूचना दिएको मानिने छ ।

१९. <u>साधारण सभाको कार्यविधीः</u> १) साधाण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछ ।

२) संचालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकाहरुले आफु मध्येबाट छानेको संचालकले सभाको अध्यक्षता गर्नेछ तर साधारण सभामा कुनै पनि संचालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीले आफू मध्येबाट छानेको शेयर धनीले सभाको अध्यक्षता गर्नेछ ।

३) सभाको काम कारवाही प्रारम्भ हुनु अघि सभाको वैधता बारे छलफल गरी गणपुरक संख्या पुगे नपुगेको एकिन गरिने छ र गणपुरक संख्या पुगेको पाईएमा सो सभा संचालन गर्न अध्यक्षको अनुमतिले विधिवत संचालन हुनेछ ।

४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभइ अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर, विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरु मध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिने छ ।

६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

७) कूल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

८) कुनै विषयमा शेयरधनिहरुको मत संकलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत संकलन गरिनेछ ।

९) सभाका सम्वन्धमा थप कार्यविधि सभाको अध्यक्षले तोके बमोजिम हुनेछ ।

२०. <u>साधारण सभामा पेश गर्ने अन्य विषय:</u> ऐनमा उल्लेख भएको विषय बाहेक साधारण सभामा अन्य कुनै विषय पेश गर्नु पर्ने भए सो विषय एजेण्डाका रुपमा संचालक समितिले साधारण सभा समक्ष पेश गर्न सक्नेछ ।

२१. <u>विशेष प्रस्ताव:</u> ऐनमा उल्लेख भएका विषय बाहेक कम्पनीले विशेष प्रस्ताव पारित गरी निर्णय गर्नु पर्ने अन्य कुनै विषय भएमा सभा समक्ष विशेष प्रस्ताव लैजान सक्नेछ ।

२२. <u>विशेष साधारण सभा:</u> ऐन बमोजिम कम्पनीको विशेष सधारण सभा बोलाउन सकिनेछ ।

२३. <u>गणपुरक संख्या:</u> बाँडफाँड भएको कूल शेयर संख्याको कम्तिमा ५१ प्रतिशत शेयरधनिको प्रतिनिधित्व हुने गरी कूल शेयर धनिहरुमध्ये कम्तिमा ५ जना शेयरधनिहरु स्वयम वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्धारा उपस्थित नभई साधारण सभाको काम कारबाहि प्रारम्भ हुने छैन् ।

तर, नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पूनः बोलाईएको साधारण सभामा कूल शेयर संख्याको कम्तीमा पच्चिस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा ३ जना शेयरधनिहरु स्वयम् वा आफ्नो प्रतिनिधि द्वारा उपस्थित भएमा सभा संचालन गर्न बाधा पर्ने छैन ।

२४. <u>प्रोक्सी मत सम्वन्धि व्यवस्था:</u> १) प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न सकिनेछ ।

२) कुनै शेयर धनिले प्रतिनिधि नियूक्ती गरी आफू स्वयम उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिने छ ।

३) प्रतिनिधि मार्फत मतदान गर्न पाउनेछ ।

४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम् हद वा सिमा प्रोक्सी प्राप्त गरेको शेयर संख्याको आधारमा हुनेछ ।

५) कुनै संचालकलाई कम्पनीको सधारण सभामा भाग लिनको लागि कुनै शेयर धनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाइ नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो संचालकले उक्त शेयर धनिको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२५. मतदानः-१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा वाहेक प्रत्येक शेयरधनिलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

२) फरक मताधिकार भएका शेयरहरु जारी नभएकाले त्यस्तो शेयर वापत कुन अनुपातमा साधारण सभामा मतदान गर्न पाउने हो सो कुरा खुलाइएको छैन ।

३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन ।

४) संचालक निर्वाचन गर्दा प्रतिपद एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने छैन।

५) संचालक निर्वाचन गर्दा मतदान नगरी र्सवसम्मतिले समेत नियुक्ति गर्न सकिन्छ ।

२६. <u>साधारण सभाको निर्णय विवरणको अभिलेख:</u> -१) ऐन अनुसार खुलाउनु पर्ने कुरालाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्ति गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।

२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरिक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेका अन्य कर्मचारीले निरिक्षण गर्न दिनु पर्नेछ ।

## परिच्छेद ४

## <u>संचालक समिति</u>

२७. संचालक समितिको गठन, संख्या र कार्यकालः १) पदेन नियुक्ति हुनेमा बाहेक संचालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।

२) यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ जसमा निम्न बमोजिम संचालक रहने छन:

क) संस्थापक समुहबाट ५ जना

| क.सं. | प्रतिनिधित्व गर्ने शेयर निकाय | पद | कैफियत |
|---|---|---|---|
| क) | प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय वा सो अन्तर्गतको विभाग वा नेपाल सरकारले तोकेको वन सम्वन्धि कार्य गर्ने मन्त्रालय | संचालक/अध्यक्ष-१ | |
| ख) | प्रतिनिधि, अर्थ मन्त्रालय | संचालक-१ | |
| ग) | अन्य संस्थापक शेयरधनीवाट गोला प्रथाले | संचालक -१ | |
| घ) | विशेषज्ञ प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय वा सो अन्तर्गतको विभागवाट तोकिएको सम्वन्धित विषयको विशेषज्ञ | संचालक -१ | व्यवसायीक संचालक हुने |
| ङ) | महाप्रवन्धक, वन तथा भु-संरक्षण मन्त्रालय वा सो अन्तर्गतको विभागवाट नियुक्त हुने | संचालक/सदस्य सचिव-१ | |

ख) वन तथा वातावरण मन्त्रालयबाट प्रतिनिधित्व हुने संचालक मध्ये कम्तीमा एकजना महिला हुनु पर्नेछ ।

ग) सर्वसाधारण समुहबाट निर्वाचन वा सर्व सम्मतीबाट २ जना ।

३) संचालकहरुको कार्यकाल ५ वर्षको हुनेछ । तर, कुनै निकायको पदेन संचालक हुने भएमा वा संस्थागत प्रतिनिधित्व गरी संचालक हुने भएमा निज प्रतिनिधित्व गरी आउने निकाय वा संस्थाले तोके बमोजिम वा ५ वर्ष मध्ये जुन घटी हुन्छ सोही बमोजिम पदावधि कायम हुनेछ ।

४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै संचालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि संचालकको नियुक्त जुन प्रक्रियाबाट पहिले भएको थियो सोहि प्रक्रियाबाट गरिनेछ। कुनैं संचालकको कार्यकाल पूरा नहुँदै विचमा रिक्त भई सो पदमा नियुक्ति भएको संचालकको कार्यकाल जुन संचालकको पद रिक्त भई नियुक्त भएको हो सो संचालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुने छ ।

तर, वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारण सभासम्मको लागि संचालक समितिले संचालक नियुक्ति गर्नेछ ।

५) संगठित संस्था वा निकायले संचालक नियुक्ति गर्दा निजको वैकल्पिक संचालक पनि नियुक्त गर्न सक्ने छ ।

६) संचालकको निर्वाचनको लागि सञ्चालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

२८. संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या:- यस कम्पनीको संचालकको पदमा नियूक्ति हुनको लागि कुनै पनि शेयर धनीले आफ्नो नाममा १००० कित्ता शेयर लिएको हुनु पर्दछ ।

तर, स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

२९. शेयरधनी बाहेक अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई संचालक नियुक्ति गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने: -१) स्वतन्त्र र व्यवसायीक संचालकको योग्यता प्रचलित कानून बमोजिम संचालक समितिले तोके बमोजिम हुनेछ ।

२) स्वतन्त्र र व्यवसायिक संचालकहरुको नियुक्तको लागि संचालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियूक्तिको लागि नेपाल सरकार समक्ष पेश गर्नु पर्ने छ । यसरी नाम तयार गर्दा जति जना स्वतन्त्र संचालक नियुक्ति हुने हो सो संख्याको कम्तीमा तीन गुणा बढी योग्य व्यक्तिहरुको नाम स्वतन्त्र संचालकको नियुक्तिको लागि नेपाल सरकार समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

३) उपनियम (२) बमोजिम उल्लेख गरिएका व्यक्तिहरु मध्येबाट वा नेपाल सरकारले उपयुक्त देखेको विशेषज्ञलाई स्वतन्त्र र व्यवसायिक संचालकको रुपमा नियुक्ति गर्ने छ ।

४) स्वतन्त्र र व्यवसायिक सञ्चालकको काम, कर्तव्य, जवाफदेहीता तथा सुविधा प्रचलित कानून तथा साधारण सभाले तोके बमोजिम हुनेछ ।

३०. संचालक पूनः नियुक्ति हुन सक्ने वा नसक्ने : एक पटक संचालक भई सकेको व्यक्ति संचालकमा पूनः नियुक्ति हुन सक्नेछ ।

३१. संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा:- हाललाई कुनै व्यवस्था गरिएको छैन।

३२. संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्वन्धि व्यवस्था: -१) संचालकको पारिश्रमिक, बैंठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

३३. संचालक समितिको काम कर्तव्य र अधिकारहरु:

१) कम्पनी ऐन, कम्पनीको नियमावली, प्रबन्ध पत्रको अधिनमा रहि कम्पनीको उद्देश्य प्राप्त गर्नका लागी आवस्यक पर्ने नीति ,नियम निर्माण गर्ने ।

२) कम्पनीको साधारण सभा बोलाउने , साधारण सभामा प्रस्तावहरु प्रस्तुत गर्ने ।

३) कम्पनीको बाषिर्क बजेट तयार गरी लागु गर्ने ।

४) पदाधिकारीको नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सुविधा तोक्ने ।

५) साधारण सभाका निर्णयहरु लागु गराउने ।

६) प्रत्येक आर्थिक बर्षको हिसाब किताबको आधारमा शेयरधनीहरुलाई बाडिने लाभांसको घोषणा गर्ने।

७) कम्पनीका लागी आवस्यक पर्ने कर्मचारीहरुको दरबन्दी निर्धारण गर्ने र उनीहरुको सेवा सुविधा सम्बन्धि बिनियम बनाउने ।

८) पदाधिकारीहरुको कामको अनुगमन तथा मुल्यांकन गर्ने ।

९) कम्पनीको हित हुने बिषयहरुमा संझौता गर्ने र त्यसलाई कार्यान्वयन गराउने ।

१०) प्रचलिन कानुको अधिनमा रहि अन्य कार्यहरु गर्ने ।

३४. अधिकार प्रत्यायोजन सम्वन्धि व्यवस्थाः १) संचालक समितिले आफनो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२) अधिकार प्रत्यायोजन गर्दा विषय तोकी संचालकहरुको उपसमिति वा कुनै संचालक वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

३५. प्रवन्ध संचालक सम्वन्धि व्यवस्थाः-१) यस कम्पनीमा महाप्रवन्धक रहने हुँदा प्रवन्ध संचालक नियुक्ति गरिने छैन ।

३६. प्रमुख कार्यकारी अधिकृत सम्बन्धि ब्यवस्था ः -१) नेपाल सरकारले महाप्रवन्धकको रुपमा प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्ने छ ।

२) महाप्रवन्धकको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछः

क) सञ्चालक समितिको निर्णय कार्यान्वयन गराउने ।

ख) प्रमुख प्रशासकको रुपमा कम्पनीको दैनिक कार्य संचालन गर्ने ।

ग) स्वीकृत बजेटको परिधि भित्र रही खर्च गर्ने र कम्पनीको हरहिसाव र लेखा राख्ने ।

घ) संचालक समितिबाट स्वीकृत दरवन्दीका आधारमा आवश्यकता अनुसार कर्मचारीहरुको नियुक्ति गर्ने र तिनीहरुको कामको अनुगमन र मूल्यांकन गर्ने ।

ङ) कम्पनीको तर्फाबाट लिखतहरुमा हस्ताक्षर गर्ने, कम्पनीका कागजातहरु प्रमाणित गर्ने ।

च) कम्पनीको बार्षिक कार्य योजना तर्जुमा गरी संचालक समिति समक्ष पेश गर्ने ।

छ) कम्पनीको प्रतिनिधिको हैसियतले गर्नुपर्ने अन्य कार्यहरु गर्ने ।

झ) कम्पनीको संचालक समिति तथा साधारण सभाको एजेण्डा तर्जुमा गर्ने ।

ञ) संचालक समितिले तोके बमोजिमको कार्य गर्ने ।

३) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु नेपाल सरकारद्वारा निश्चित गरिए बमोजिम हुनेछ ।

३७. संचालक समितिको बैठक कसले बोलाउने हो सो कूरा खुलाउनेः १) अध्यक्ष संगको परामर्षमा महाप्रवन्धकले संचालक समितिको बैठक बोलाउनेछ ।

२) महाप्रवन्धकले उक्त अधिकार कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३८. संचालक समितिको बैठक सम्बन्धि कार्यविधिः -१) संचालक समितिको बैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको पदाधिकारीले बोलाउने छ । त्यसरी बैठक नबोलाएमा कूल संचालक संख्याको कम्तीमा पच्चिस प्रतिशत संचालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले १५ दिन भित्र संचालक समितिको बैठक बोलाउनु पर्ने छ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा २५ प्रतिशत संचालकले बैठकमा छलफल हुने विषय र

बैठक बस्ने समय तथा स्थान उल्लेख गरी संचालक समितिको बैठक बोलाउन सक्ने छन् । यसरी बैठक बोलाउदा अन्य संचालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ ।

२) संचालक समितिको बैठकको सुचना संचालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतिय संचार माध्यमबाट वा अन्य माध्यमबाट पनि दिन सकिनेछ ।

३) संचालक समितिको बैठकमा संचालकहरु स्वयम् उपस्थित हुनुपर्ने छ । तर बैकल्पिक संचालक नियुक्ति गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालक अनुपस्थित भएको अवस्थामा निजको बैकल्पिक संचालक उपस्थित हुन सक्नेछ ।

४) संचालकहरुको कूल संख्याको कम्तीमा ५१ प्रतिशत संचालकहरु उपस्थित नभए संचालक समितिको बैठक हुने छैन ।

तर, गणपुरक संख्या नपुगी संचालक समितिको बैठक हुन नसकेमा कम्तीमा ३ दिनको सुचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपुरक संख्या नपुगेमा उपस्थित संचालकहरुले गरेको काम कारवाही तथा निर्णय मान्य हुनेछ ।

५) संचालक समितिको बैठकको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित संचालकहरुले आफु मध्येबाट छानेको संचालकले अध्यक्षता गर्नेछ ।

६) संचालक समितिको बैठकमा बहूमतको निर्णय मान्य हुने छ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर, आफ्नो निजी सरोकार वा स्वार्थ भएको विषयमा संचालक समितिको बैठकमा हुने छलफलमा उक्त संचालकले भाग लिन वा मतदान गर्न पाउनेछैन ।

७) संचालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै संचालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउनेछ ।

८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संचालक समितिले गर्न पाउने कुनै कामको सम्वन्धमा संचालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई संचालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

<u>३९. संचालक समितिको निर्णयको अभिलेख</u>: -१) संचालक समितिको बैठकमा छलफल भएको विषय तत्सम्वन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पुर्ण संचालकहरु मध्ये कम्तीमा ५१ प्रतिशत सन्चालकले सही गर्नु पर्नेछ ।

तर बैठकमा उपस्थित कुनै संचालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

२) विद्युतिय सञ्चार साधन वा कम्प्यूटरको प्रयोग गरी निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राखे भए निर्णायको व्यहोरा फेरवदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

३) कुनै शेयरधनीले संचालक समितिको निर्णय कार्यालय समयभित्र निरिक्षण गर्न सक्ने छ ।

## परिच्छेद -५

## हिसाव किताव, लेखा तथा लेखापरिक्षण

४०. कम्पनीको हिसाव किताव लेखा र लेखा परिक्षणः -१) कम्पनीको लेखा तथा हिसाव किताव प्रचलित कानुन अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

२) कम्पनीले राख्नु पर्ने हिसाव किताव प्रतिदिनको कारोवार स्पष्ट देखिने गरी अध्यावधिक रुपमा राख्नु पर्नेछ ।

३) ऐन बमोजिम यस कम्पनीले आफ्नो हिसाव किताव लेखा परिक्षण गराउनेछ ।

४) कम्पनीको साधारण सभाले ऐन बमोजिम लेखापरिक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएका मितिले पन्ध्र दिन भित्र निजको नाम कार्यलयमा पठाउने छ ।

तर, प्रथम साधारण सभा हुनु भन्दा अघि संचालक समितिले लेखा परिक्षक नियुक्त गर्नेछ ।

५) उपनियम (४) बमोजिम नियुक्त लेखा परिक्षकले आफुले लेखा परीक्षण गरेको हिसाव किताव र लेखाबाट कम्पनीको वासलात नाफा नोक्सानीको हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपी प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ ।

६) कम्पनीको अद्यावधिक हिसाव किताव कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समय भित्र यथाशीघ्र निरीक्षण गर्न दिनु पर्नेछ ।

४१. लेखापरीक्षण समिति सम्वन्धि व्यवस्थाः ऐन अनूसार ३ सदस्यीय लेखा परीक्षण समिति राखिनेछ । लेखापरिक्षण समितिको काम कर्तव्य र अधिकार प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## विविध

४२. लाभांश सम्वन्धि व्यवस्थाः -१) लाभांश वितरण गर्ने निर्णय भएको ४५ दिन भित्र लाभांश वितरण गर्नु पर्नेछ ।

२) उपनियम (१) बमोजिम अवधि भित्र लाभांश वितरण नगरेमा १० प्रतिशतको दरले लाभांशको व्याज समेत थप गरी लाभांशको थप रकम भुक्तानी गर्नु पर्नेछ ।

३) कम्पनी ऐन २०६३ को दफा १८२ को अधिनमा रही कम्पनीले शेयरधनीहरुलाई ५० प्रतिशत सम्म अन्तरिम लाभांश वितरण गर्न सकिनेछ ।

४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कम्पनीले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयर धनिलाई प्राप्त हुने लाभांश रोक्का राख्न सकिने छ ।

४३.शेयर धनी, डिबेन्चरवाला, संचालक वा पदाधिकारीलाइ दिने तथा निजबाट प्राप्त हूने सुचनाः कम्पनीले शेयरधनी, डिबेन्चरवाला, संचालक वा पदाधिकारीलाई र शेयरधनी वा डिबेन्चरवालाहरुले कम्पनी, संचालक वा कम्पनीका पदाधिकारलाई कुनै सूचना वा जानकारी विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सक्नेछ ।

४४.कम्पनी सचिवः प्रचलित कानूनले तोकेको योग्यता पुगेको व्यक्तिलाई कम्पनी सचिव नियुक्त गरिने छ। निजको पदावधि, सेवा शर्त, काम, कर्तव्य र अधिकार प्रचलित कानून तथा संचालक समितिले तोके बमोजिम हुनेछ ।

४५.कम्पनीको छापः -१) कम्पनीले आफ्नो छापको प्रयोग गर्नेछ । कम्पनीको छाप अध्यक्ष, महाप्रवन्धक वा कार्यकारी प्रमुखको जिम्मामा रहि प्रयोग हुनेछ ।

२) अनधिकृत रुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत सिर्जना हुने रकम असूल उपर गरिनेछ ।

४६.प्रतिलिपि दस्तुर सम्बन्धि व्यवस्थाः -१) कम्पनीको प्रवन्धपत्र, नियमावली वार्षिक आर्थिक विवरण, लेखा परिक्षण प्रतिवेदन, शेयरधनिको दर्ता किताब, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेश गरीएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा रु. ५०।- दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

२) साधारण सभाको काम कारवाहिको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु. १०।- दस्तुर लाग्ने।

३) संचालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु.२५।- दस्तुर लाग्नेछ ।

४) शेयर प्रमाणपत्रको प्रतिलिपि प्राप्त गर्न रु. ५०।- दस्तुर लाग्ने छ ।

५) शेयरधनी वा डिबेन्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु. ५०।- दस्तुर लाग्नेछ ।

४७.कम्पनी गाभिने कुराः -१) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी नेपाल सरकारको स्विकृती लिई ऐन बमोजिम अर्को कम्पनीलाई गाभ्न वा आफु अर्को कम्पनीमा गाभिन सकिनेछ ।

२) कम्पनी अर्को कम्पनीसंग गाभिदा शेयरको हेरफेर वा हस्तान्तरण वा कम्पनीको सम्पुर्ण जायजेथाको विक्रीमा सहमति नजनाउने शेयरधनीको हकमा साधारण सभाले गरेको निर्णय बमोजिम हुनेछ ।

४८.कम्पनीको खारेजीः१) कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी नेपाल सरकारले मञ्जुरी दिएमा प्रचलित कानूनको अधिनमा रही कम्पनी खारेज गर्न सकिनेछ ।

२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा सधारण सभाले खारेजी कामका लागि एक वा एक भन्दा बढी लिक्वीडेटर तथा लेखा परीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्ति भई लिक्वीडेटर तथा लेखा परीक्षकको पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ।

३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखा परीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारवाही गर्नेछन ।

४९. कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा खुलाउनेः छैन ।

५०. अन्य आवश्यक कुराहरुः छैन

५१. नियमावलीमा संशोधन भएमा लागु हुने अवस्थाः यस नियमावलीमा कुनै शंसोधन भएमा साधारण सभाले विशेष प्रस्ताव पारित गरि सो निर्णय कार्यालयमा अभिलेख भए पछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

५२. नियमावली बाझिएको हदसम्म अमान्य हुनेः- यस नियमावलीमा लेखिएका कूराहरु ऐन, अन्य प्रचलित कानुन वा प्रवन्धपत्र संग बांझिएमा बाझिएको हदसम्म स्वतः वदर हुनेछन् ।

५३. संस्थापक सम्वन्धि विवरणः

| सि.नं. | संस्थापकको नाम | शेयर विवरण | कैफियत |
|---|---|---|---|
| १ | नेपाल सरकार | ३११६० | प्रति शेयर रु.१००० दरले |
| २ | वन पैदावार विकास समिति | १३०२ | प्रति शेयर रु.१००० दरले |
| ३ | नेपाल औषधि लिमिटेड | १३०२ | प्रति शेयर रु.१००० दरले |
| ४ | कृषी विकास वैंक | १११६ | प्रति शेयर रु.१००० दरले |
| ५ | सर्व साधारण | ३७२० | प्रति शेयर रु.१००० दरले |

संचालक समितिको उद्घोषणः जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको मिति २०७९/०६/२९ को साधारण सभाको निर्णय बमोजिम हाल परिवर्तित ढाँचाको यो नियमावली मस्यौदा गरेको ठीक साँचो हो । यो नियमावलीमा उल्लेखित नाम, पद, हस्ताक्षरको व्यहोरा ठिक सांचो हो । कुनै कारणले झठ्ठा ठहरिन गएमा सिर्जना हुने दायित्व व्यहोर्न मञ्जुरी छ । यो नियमावलीमा लेखिएका कुरा साँचो हो झुठ्ठा ठहरे कानुन बमोजि सहन बुझाउन मञ्जुर छु भनी सहि छाप गर्नेः-

.....................

(संगिता यादव)

(महाप्रवन्धक)

सहायक रजिष्ट्रार

मसौदाकार

अधिवक्ताः- सेवन्तराज निरौला

प्र.प.नं. ४८१६

इति संवत २०७९ साल असोज महिना २९ गते रोज २९ शुभम् ..........................................